# Telecom. Newsletter

"राष्ट्र निर्माण हाम्रो लक्ष्य"

नेपाल दूरसञ्चार कं. लि., केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित





Volume 8, Issue 6, No. 48 Nepal Telecom (Nepal Doorsanchar Co. Ltd.) Bi-monthly, Ashad-Sharwan, 2066 (July 2009)

## नेपाल टेलिकमको प्रबन्ध निर्देशकमा विश्वनाथ गोयल



नेपाल टेलिकमका नायब प्रबन्ध निर्देशक विश्वनाथ गोयललाई नेपाल सरकारले वैशाख २१ गतेको निर्णयबाट नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशक पदमा दुई वर्षका लागि नियुक्त गरेको छ । उहाँ यस अघि नेपाल टेलिकम, मोवाइल सेवा निर्देशनालयको निर्देशक पदमा कार्यरत हुनुहुन्थ्यो ।

प्रबन्ध निर्देशक विश्वनाथ गोयलले वैशाख २४ गते एक कार्यक्रमका बीच पद बहाली गर्नु भयो । पद बहालीका अवसरमा कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा नव नियुक्त प्रबन्ध निर्देशक विश्वनाथ गोयलले आफ्नो कार्यकालमा कम्पनीलाई सञ्चार जगतको एक सशक्त एवं अग्रणी संस्थाको रुपमा कायम राख्ने प्रतिबद्धता व्यक्त गर्नु भएको छ । उहाँले सो प्रतिबद्धता पुरा गर्न मोवाईल सेवाको गुणस्तर र भौगोलिक क्षेत्रमा लक्ष्य अनुसार कार्य पुरा गर्ने, CDMA सेवाको क्षेत्र र संख्यामा व्यापक विस्तार एवं सुधार गर्ने, NGN सेवाको थालनी गर्ने, अप्टिकल फाईवर नेटवर्कको विस्तार गर्ने र कम्पनीको संरचनागत परिवर्तन गर्ने आदि सोचाई रहेको बताउनु भएको छ । साथै उहाँले कम्पनीको शेयर मूल्य वृद्धिका लागि आफ्ुले यथाशक्य प्रयत्न गर्ने बताउनु भएको छ । उहाँले सबै सेवामा काम गर्ने कर्मचारीहरुलाई वृत्ति विकासको लागि समान अवसर प्रदान गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नु भएको छ ।

आफ्ना लक्ष्यहरु पुरा गर्न उहाँले यस वर्षका लागि "Think Big, Think out of Box" भन्ने नारा राखेको पनि जानकारी गराउनु भएको छ ।

पद बहालीका अवसरमा आयोजित कार्यक्रममा नेपाल टेलिकमका तत्कालीन नायब प्रबन्ध निर्देशक (विकास) शक्तिमान

बाँकी २ पेजमा

## दूरसञ्चार सेवा सम्बन्धी कार्यशाला सम्पन्न

दूरसञ्चार सेवासम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय नीति नियम, नियन्त्रण र सुरक्षाबारे तीन दिने दक्षिण एसियाली कार्यशाला हालै काठमाडौमा सम्पन्न भयो ।

उक्त कार्यक्रम एसिया प्यासिफिक टेलिकम्यूनिटी (एपिटी) को आयोजना नेपाल दूरसञ्चार प्राधिकरणको आतिथ्यता तथा नेपाल टेलिकम, यूटिएल, स्पाइस नेपाल, एसटिएम टेलिकम र आइएसपीएनको सहयोगमा भएको थियो ।

सो कार्यशालामा साउथ एसियन टेलिकम्यूनिकेसन रेगुलेटर काउन्सिल (एसएटिआरसी) मा आवद्ध नेपाल, भारत, बंगलादेश, पाकिस्तान, भुटान, माल्दिभ्स, श्रीलंका, अफगानिस्तान र इरानका दूरसञ्चार प्राधिकरण एवं दूरसञ्चार सेवा प्रदायक कम्पनीका करिब ६० जना प्रतिनिधिहरुको सहभागिता थियो । कार्यशालामा सदस्य राष्ट्रहरुको आईपी वेस्ड नेटवर्क सर्भिस र नेटवर्क सुरक्षा विषयमा व्यापक छलफल भएको थियो ।

कार्यशाला उद्घाटनका अवसरमा सूचना तथा सञ्चार मन्त्रालयका सचिव तथा नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष सुशील घिमिरेले दक्षिण एसियाली क्षेत्रको भूगोल, सामाजिक आर्थिक संरचना, सांस्कृतिक मान्यता एकै किसिमको भएको र दूरसञ्चार

बाँकी २ पेजमा

## बजेटबारे छलफल

नेपाल टेलिकमको आगामी आर्थिक वर्ष २०६६/०६७ का लागि आवश्यक पर्ने वार्षिक बजेटका बारेमा जेठ २८ गते देखि ३ दिन सम्म कम्पनीको केन्द्रीय कार्यालयमा छलफल सम्पन्न भयो । चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा गर्दै आगामी बर्षको बजेट निर्धारण गर्ने गरी सो छलफल भएको थियो ।

सो कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक विश्वनाथ गोयलले कम्पनीका विभागीय प्रमुखहरु, निर्देशकहरु, कार्यालय प्रमुखहरुले अझ बढी जिम्वेवार र कर्तव्यनिष्ठ भएर निर्धारित लक्ष्यहरु तोकिएकै समयमा सम्पन्न गर्ने गरी काम गर्न आग्रह गर्नुभयो । उहाँले अप्टिकल फाइवर लगायतका दूरसञ्चार सेवाका उपकरणहरु बिग्रिएमा २४ घण्टा भित्र मर्मत सम्पन्न गरी ग्राहकलाई प्रभावकारी सेवा उपलब्ध गराउने गरी संयन्त्र तयार गर्न पनि निर्देशन दिनुभयो ।

सो कार्यक्रममा कम्पनीका नायब प्रबन्ध निर्देशकहरु, निर्देशकहरु, प्रबन्धकहरुलगायत सम्बन्धित विभागका कर्मचारीहरु र कर्मचारी युनियनका प्रतिनिधिहरु समेतको उपस्थिति रहेको थियो ।

## कम दरका रिचार्ज कार्ड उपलब्ध

नेपाल टेलिकमले नमस्ते प्रिपेड मोवाइलका ग्राहकहरुको सुविधालाई ध्यानमा राखी रु. ५० र १०० दरका रिचार्ज कार्ड पनि उपलब्ध गराउन शुरु गरेको छ । सम्पूर्ण करसहित अधिकतम मूल्य रु. ५१ र १०२ पर्ने यी कार्डको म्याद एक हप्ता र २० दिनको रहेको छ ।

## Land line Phone मा प्रिपेड खाता

नेपाल टेलिकमले PSTN फोनका ग्राहकहरुका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय कलको पैसा तिर्न टेलिकमका काउण्टरसम्म जानु नपर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुविधा नलिइकन पनि घरमै बसी ती सेवाहरु उपभोग गर्न सकिने गरी प्रिपेड खाता सेवा उपलब्ध गराएको छ ।

यो सेवा प्रयोग गर्नका लागि PCC कार्ड खरिद गरेपछि १६८० मा फोन गरी आएको निर्देशन बमोजिम दर्ता गर्नुपर्दछ । त्यसपछि रकम थप्न, म्याद थप्न र रकम थाहा पाउन १६८१ डायल गर्न सकिन्छ । दर्ता गरिसकेपछि १६८० डायल गरी खोलिएको खाताको रकमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय फोन गर्न सकिन्छ । यो सेवा हाल नेपाल टेलिकमले प्रदान गरेका मुलुकभरका Land Line टेलिफोनमा उपलब्ध छ ।

## कम्पनीको पुनर्संरचना गर्ने तयारी

नेपाल टेलिकमका प्रबन्ध निर्देशक विश्वनाथ गोयलले टेलिकमको सेवा र संरचना ग्राहकमुखी तथा बजारमुखी बनाउनका लागि यसको पुनर्संरचना अति आवश्यक भएको बताउनु भएको छ । वहाँले यसका लागि कम्पनीले चेन्ज म्यानेजमेण्ट विभाग स्थापना गरी कार्यारम्भ गरिसकेको र कम्पनीको पुनर्संरचना कार्य निकट भविष्यमै शुरु हुने बताउनु भएको छ ।

युनियन नेटवर्क इण्टरनेशनल एसिया प्यासिफिक अफिसको सहयोगमा नेपाल दूरसञ्चार कर्मचारी संघ र नेपाल टेलिकम वर्कर्स युनियनद्वारा संयुक्त रुपमा भक्तपुरको बोडेमा आयोजित नेपाल टेलिकमको पुनर्संरचनामा हाम्रो सरोकार विषयको राष्ट्रिय कार्याशालामा प्रबन्ध निर्देशक श्री गोयलले उक्त कुरा बताउनुभएको हो ।

गत जेठ १३ गते देखि दुई दिनसम्म आयोजित उक्त कार्यक्रममा व्यवस्थापनका तर्फबाट नेपाल टेलिकम र पुनर्संरचनाको आवश्यकता विषयमा कार्यपत्र प्रस्तुत गर्दै कम्पनीका नायब प्रबन्ध निर्देशक (चेन्ज म्यानेजमेण्ट विभाग) बद्री बास्तोलाले प्रतिस्पर्धामा कम्पनीलाई दरिलोसँग उभ्याउनका लागि नेपाल टेलिकममा पुनर्संरचना आवश्यक भएको बताउनु भयो । सो कार्यक्रममा व्यापार व्यवस्थापन विभागका प्रबन्धक सुरेन्द्र प्रसाद थिकेले कम्पनीको स्थापित संरचनालाई परिवर्तन गरी टेलिकममा समयानुकुल पुनर्संरचना गर्न आवश्यक भई सकेको बताउनु भयो ।

उक्त अवसरमा नेपाल दूरसञ्चार कर्मचारी संघका तर्फबाट चक्रपाणी आचार्यले Strategic Partner In Nepal Telecom शीर्षकमा र नेपाल टेलिकम वर्कर्स युनियनका सञ्जय दाहालले Challenge of Retaining the Job Existing Workers in Nepal Telecom विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

सो कार्यक्रममा नेपाल टेलिकम कर्मचारी संघका अध्यक्ष गोपाल ढकालले टेलिकमले प्रदान गर्दै आएका सेवाहरुमा जसरी अत्याधुनिक प्रविधिहरुको प्रयोग गरी मुलुकभर सेवा प्रदान गरिएको छ त्यसैगरी संस्थाको संरचना र व्यवस्थापनमा पनि उपलब्ध नयाँ सिद्धान्त र कार्यक्रम लागू गरिनुपर्ने धारणा राख्नु भएको थियो ।

त्यस्तैगरी नेपाल टेलिकम वर्कर्स युनियनका अध्यक्ष शंकर लामिछानेले टेलिकमको पुनर्संरचना र व्यवस्थापनमा आधुनिकीकरण अहिलेको आवश्यकता भएको बताउदै यो प्रक्रिया अघि बढाउँदा हाल कार्यरत कर्मचारीहरुलाई थप दक्ष र सक्षम बनाउन तालिमको व्यवस्था गर्नुपर्ने उल्लेख गर्नुभयो । कार्यक्रममा नेपाल टेलिकममा हाल कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई पुनर्संरचना पश्चात पनि कसरी दक्ष र क्षमतावान् बनाई कार्यमा लगाइरहने भन्ने बारेमा पनि छलफल भएको थियो । सो अवसरमा नेपाल टेलिकमको पुनर्संरचना र Strategic Partners का सवालमा नायब प्रबन्ध निर्देशकहरु, प्रबन्धकहरुका साथै Union Network International, Asia Pacific Region Office का नेपाल निर्देशक राजेन्द्र आचार्य र दुवै युनियनका पूर्व अध्यक्षहरु तथा पदाधिकारी लगायतका सहभागीहरुले आफ्ना बिचारहरु राख्नुभएको थियो । कार्यक्रममा नेपाल टेलिकमको पुनर्संरचना सम्बन्धी स्टाफ कलेजले अध्ययन गरी तयार पारेको रिपोर्टलाई लागू गर्ने सम्वन्धमा छलफल भइरहेको चेन्ज म्यानेजमेण्ट विभागका तर्फबाट जानकारी दिइएको थियो ।





# नाप्रनि र प्रबन्धकहरू सेवा निवृत्त

नेपाल टेलिकमका नायव प्रबन्ध निर्देशक शक्तिमान सिंह, प्रबन्धकहरु मुरारी प्रसाद पाण्डे र कृष्ण गोपाल जोशी ५८ वर्ष उमेर हदका कारण सेवानिवृत्त हुनु भएको छ।



बायाँबाट क्रमशः कृष्ण गोपाल जोशी, शक्तिमान सिंह र मुरारी प्रसाद पाण्डे

२०३१ सालमा नेपाल टेलिकमको सेवामा प्रवेश गर्नु भएका नाप्रनि शक्तिमान सिंह र २०३२ सालमा नेपाल टेलिकमको सेवामा प्रवेश गर्नु भएका प्रबन्धक मुरारी प्रसाद पाण्डे २०६६ जेठ २ गते देखि तथा २०२८ सालमा नेपाल टेलिकमको सेवामा प्रवेश गर्नुभएका प्रबन्धक कृष्ण गोपाल जोशी २०६६ बैशाख २७ गते देखि सेवा निवृत्त हुनु भएको हो।

नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा हालै एक कार्यक्रमको आयोजना गरी उहाँहरुलाई औपचारिक बिदाई गरियो।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक विश्वनाथ गोयलले उहाँहरुलाई उपहार र पेन्सन पट्टा प्रदान गरी औपचारिक बिदाई गर्नु भयो। सो कार्यक्रममा प्रबन्ध निर्देशक श्री गोयलले उहाँहरुले कम्पनीमा पुऱ्याउनु भएको योगदानको चर्चा गर्दै स्वस्थ र सुखमय निवृत्त जीवनको कामना गर्नु भयो।

उक्त कार्यक्रममा सेवानिवृत्त नाप्रनि शक्तिमान सिंहले कुनै पनि कम्पनीको उन्नतिको मुख्य आधार कम्पनीका कर्मचारीहरु नै हुने र कर्मचारीहरुको आचरण,विश्वास र सोच सकरात्मक भए मात्र कम्पनीको उन्नति हुने बिचार राख्नु भयो। त्यस्तैगरी सेवा निवृत्त प्रबन्धक मुरारी प्रसाद पाण्डेले वर्तमान सन्दर्भमा नेपाल टेलिकम सामु धेरै चुनौती र समस्याहरु रहेको र तिनको सामनाका लागि कर्मचारीहरुमा रहेको शिपलाई जाँगरपूर्वक उपयोग गर्नु पर्ने बताउनु भयो। यस्तै गरी सेवानिवृत्त प्रबन्धक कृष्णगोपाल जोशीले कम्पनीमा अशल कर्मचारीहरु रहेको र कम्पनीको उन्नतीका लागि टीम वर्कको भावना सधैं रहिरहनु पर्ने बताउनु भयो।

सो कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका नायब प्रबन्ध निर्देशक नारायण महतले सम्पूर्ण कर्मचारीहरुको तर्फबाट सेवा निवृत्त वरिष्ठ कर्मचारीहरुको स्वस्थ, सुखमय र सक्रिय जीवनका लागि कामना गर्नु भयो।

# धौलागिरी र गण्डकीमा CRBT सेवा

नेपाल टेलिकमले यही असार १ गतेदेखि लुम्बिनी, धौलागिरी र गण्डकी अञ्चलका पोष्टपेड र प्रिपेड मोवाइलका ग्राहकहरुका लागि CRBT (Caller Ring Back Tone) सेवा उपलब्ध गराउन शुरु गरेको छ। यो सेवा प्राप्त भएपछि आफूले चाहेको गीत, भजन तथा धुन फोन गर्ने मानिसले सुन्न सक्ने गरी राख्न सकिन्छ। यो सेवा SMS, Website र IVR मार्फत तीन तरिकाबाट प्रयोग गर्न सकिन्छ। SMS मार्फत १४५५ मा सन्देश पठाई लिंदा प्रति SMS रु. १, IVR मार्फत १६०९ मा फोन गरी सेवा लिंदा प्रति मिनेट रु. ३ महसुल लाग्छ। साथै नेपाल टेलिकमको Website www.crbt.ntc.net.np बाट पनि सेवा प्रयोग गर्न सकिन्छ। माथि उल्लेखित महसुल बाहेक प्रति गीत/संगीत/क्लिप्स प्रयोग गरेवापत रु. १० लाग्दछ। यो सेवा गण्डकीका ९८५६०, ९८४६०, ९८४६१, ९८४६२ र ९८४६३ लुम्बिनीका ९८५७०, ९८४७०, ९८४७१, ९८४७२ र ९८४७३ र धौलागिरीका ९८५७६ तथा ९८४७६ नम्बरबाट शुरु हुने मोवाइलका नम्बरहरुमा प्रयोग गर्न सकिन्छ।

१ पेजको बाँकी

## दूरसञ्चार सेवा सम्बन्धी कार्यशाला........

सम्बन्धी समस्या पनि एकै किसिमको भएकाले समाधानका लागि अनुभवको आदान प्रदान उपयोगी हुने बताउनु भयो। त्यस्तैगरी एपिटीका महासचिव तोसीयुकी यामादाले कार्यशालाले यस क्षेत्रका दूरसञ्चार सेवाको नीति र कार्ययोजना एवं चुनौति विषयमा छलफल गर्न उपयोगी हुने बताउनु भयो। सो कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भेषराज कणेलले यस क्षेत्रमा नेटवर्क सेक्यूरिटि ,गैरकानुनी कललगायत रेगुलेटरी सम्बन्धी समस्या रहेको र सो सम्बन्धमा क्षेत्रीय रुपमा अनुभव आदान प्रदान गर्नु उपयोगी हुने बताउनु भयो। नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक तथा SATRC वर्किङ ग्रुपका संयोजक आनन्दराज खनालले यस क्षेत्रको नीति र अनुगमनमा देखिएका समस्या समाधानका लागि छलफल उपयोगी हुने बताउनु भयो।

तीन दिनसम्म सञ्चालन भएको उक्त कार्यशालाले दूरसञ्चार सेवासम्बन्धी सामूहिक प्रयासको खाका तयार गरेको बताइएको छ।

# उपभोक्ता सुझाव

म नेपाल टेलिकमको नियमित ग्राहक हुँ। विगत केही वर्ष देखि नियमित Dial-up Internet प्रयोग गर्दै आएको छु। नेपाल टेलिकमको सम्पूर्ण टेलिफोन चार्ज पनि न्यून छ साथै Internet को महसुल दर पनि घटिरहेकोमा ज्यादै खुशी लाग्यो। नेपाल टेलिकमले ग्रामीण क्षेत्रमा पनि विभिन्न दूरसञ्चार सेवा उपलब्ध गराएको पनि सराहनिय छ। तर दुर्गम जिल्लामा Internet को समस्या भने यथावत नै रहेको छ। अधिकांश सुविधा काठमाण्डौं उपत्यका भित्र बढी केन्द्रीत छ। काठमाडौं उपत्यका बाहिर पनि नेपाल टेलिकमको गुणस्तरीय इन्टरनेट सेवा व्यापक रुपमा विस्तार गर्नुपर्ने आवश्यकता छ। **जीवन श्रेष्ठ, सिन्धुली**

**नेपाल टेलिकमको भनाई :** देशको जटिल धरातलीय भू–वनौटका बाबजूद नेपाल टेलिकमले मुलुकका विभिन्न ठाँउहरुमा आफ्ना सेवाहरु विस्तार गर्दै गएको छ। देशका सुगम भौगोलिक स्थिति भएका अधिकांश शहर, बजारमा आधारभूत टेलिफोनका अतिरिक्त अन्य सेवाहरुको नेटवर्क पनि विस्तार गरिएको छ भने कतिपय ग्रामीण भेगमा पनि यस्तो सेवा विस्तार भैरहेको छ।

यसै सिलसिलामा हालसम्म देशका १५ विकट हिमाली जिल्ला बाहेक ६० जिल्लामा लोकल डायल–अप (डायल नम्बर १५००० मा इन्टरनेट सेवा उपलब्ध गराईएको छ। बाँकि जिल्लामा हाललाई भू–उपग्रहको KU-Band बाट टेलिफोन तथा इन्टरनेट सेवा पनि प्रदान गरिएको छ। भौगोलिक जटिलताका कारण साधारण नेटवर्क विस्तार गर्न नसकिएको भएता पनि तुरुन्त त्यस्तो भू–धरातलका लागि उपयुक्त हुने नेटवर्कको विस्तार गर्न कम्पनीले योजना बनाएको छ।

हाल काठमाण्डौं उपत्यकामा मात्र उपलब्ध उच्च गतिको एडीएसएल इन्टरनेट उपकरण जडान विराटनगर क्षेत्रमा विस्तार गर्ने कार्य प्रारम्भ भैसकेको छ। यो सेवालाई देशभरका मुख्य शहरहरुमा निकट भविश्यमा नै विस्तार गरिने कार्यक्रम रहेको छ।

सस्तो मूल्यमा सर्वसाधारणलाई स्तरीय सेवा पुऱ्याउने लक्ष्य अनुसार कम्पनीले इन्टरनेटलगायतका विभिन्न सेवाहरुको महसुल दरमा बेला बेलामा उल्लेखनीय कटौति गर्दै आईरहेको छ।

ग्राहकलाई स्तरीय डायल–अप इन्टरनेट सेवा प्रदान गर्न नेपाल टेलिकम संकल्पित छ। हाल नेपालका सबै आइएसपी मध्ये सबैभन्दा बढी इन्टरनेट व्याण्डवीथ (जम्मा ९३२ एमबीपीएस) नेपाल टेलिकमको रहेको छ। यसबाट डायल–अप इन्टरनेटका लागि पनि पर्याप्त व्याण्डवीथ छुट्याईएको छ र यो व्याण्डवीथमा पुनः गुणात्मक वृद्धि गर्न लागिएकोले ग्राहकले झन स्तरीय र गतिशील इन्टरनेट सेवा उपभोग गर्न पाउने छन्।

# नोटिस बोर्ड सेवाको महसुल निर्धारण

नेपाल टेलिकमद्वारा सञ्चालित Voicemail Service अन्तर्गतको Notice Board सेवाको महसुल निर्धारण भएको छ। सो महसुल दर नेपाल दूरसञ्चार प्राधिकरणले गत जेठ २४गते स्वीकृती प्रदान गरेको हो। उक्त निर्णय बमोजिम सेवा लिइएको आधारभुत टेलिफोन (PSTN) बाट सन्देश रेकर्ड गराउन १६१६ डायल गर्दा शुल्क लाग्ने छैन।

फोनको Notice Board मा रहेको सन्देश सुन्दा आधारभुत (PSTN / C-Phone) टेलिफोनबाट चौबिसै घण्टा कर बाहेक जम्मा प्रतिमिनेट १ रुपैंयाँ मात्र शुल्क लाग्दछ। यसैगरी कम्पनीको GSM तथा Sky Phone बाट देशभर नै १६१८ डायल गरी चौबिसै घण्टा सन्देश सुन्न सकिन्छ र यसवापत विद्यमान Air Time Charge मात्र तिरे पुग्दछ।

१ पेजको बाँकी

## नेपाल टेलिकमको प्रबन्ध निर्देशकमा........

सिंहले नवनियुक्त प्रबन्ध निर्देशक विश्वनाथ गोयललाई स्वागत गर्दै उहाँको कार्यकालको सफलताको कामना गर्नुभयो। साथै उहाँले सम्पूर्ण कर्मचारीहरु एक ढिक्का भएर कम्पनीको लक्ष्य प्राप्तिमा संलग्न हुन आग्रह गर्नु भयो। सो अवसरमा जनशक्ति व्यवस्थापन विभागका नायव प्रबन्ध निर्देशक नारायण महतले सम्पूर्ण कर्मचारीका तर्फबाट स्वागत गर्दै नवनियुक्त प्रबन्ध निर्देशकलाई सम्पूर्ण कर्मचारीहरुले आ आफ्नो कार्य क्षेत्रबाट सहयोग गर्नुपर्ने बताउनु भयो।

उक्त अवसरमा नेपाल टेलिकमका नायव प्रबन्ध निर्देशकहरु, निर्देशकहरु,प्रबन्धकहरु, उपत्यकाका कार्यालय प्रमुखहरु र अन्य कर्मचारीहरुको उपस्थिति थियो।

नवनियुक्त प्रबन्ध निर्देशक विश्वनाथ गोयलले भारतको मैसुर विश्वविद्यालयबाट इलेक्ट्रोनिक्स र कम्यूनिकेसन इन्जिनियरिङमा बी.टेक. गरे पछि २०३५ सालमा तत्कालीन नेपाल दूरसञ्चार संस्थानको असिष्टेण्ट इक्जुकेटिभ इन्जिनियर पदमा सेवा प्रवेश गर्नु भएको हो। उहाँले पोखरा विश्वविद्यालयबाट एम.वी.ए. (अर्थ) पनि गर्नु भएको छ। साथै उहाँले भारत, जर्मनी, डेनमार्क, फिनल्याण्ड र जापानबाट दूरसञ्चार र व्यवस्थापन सम्बन्धी विभिन्न तालिमहरु पनि लिनु भएको छ।

नेपाल दूरसञ्चार कम्पनीको करिब ३१ वर्षको सेवा अवधिमा उहाँले नेपाल टेलिकमका विभिन्न कार्यालय तथा विभागहरुमा रही काम गरेर दूरसञ्चार प्रविधि तथा व्यवस्थापन सम्बन्धी विविध अनुभव हासिल गर्नुभएको छ। उहाँले नेपाल टेलिकम वीरगञ्ज क्षेत्रीय निर्देशनालयको प्रबन्धक,नेटवर्क आयोजनाको आयोजना प्रबन्धक,व्यापार विभागको व्यापार प्रवन्धक, नेटवर्क प्लानिङ्ग विभागको प्रबन्धक, अप्टिकल नेटवर्क आयोजनाको प्रबन्धक, कठमाडौं क्षेत्रीय निर्देशनालयको क्षेत्रीय निर्देशक र दूरसञ्चार तालिम केन्द्रको निर्देशक भएर काम गरिसक्नु भएको छ।

यसै बीच उहाँले नेपाल आयल निगमको कार्यकारी निर्देशकका रुपमा करिब १३ महिना काम गर्नु भएको थियो।

हाम्रा सेवाहरु



LAND LINE



GSM MOBILE



C-Phone



Sky Phone



# टेलिफोन सेवाका कारण जीवनस्तरमा सुधार

दुग्ध उत्पादन तथा तरकारी खेतीका लागि सफल मानिएको स्याङ्जा जिल्लाका फेदिखोला, आरुखर्क र भाटखोला गाविसका स्थानीय वासिन्दा त्यस क्षेत्रमा सिडिएमए तथा जिएसएम टेलिफोनको विस्तार पछि आर्थिक उन्नतीमा ठूलो फड्को मारेको तथा जीवन स्तरमा सुधार भएको बताउँछन । वृद्धि भएको, सेवा सस्तो भएको, स्थानीय वासिन्दाले बताए । टेलिफोनका कारण विदेशबाट रकम प्राप्त गर्न, व्यापार गर्न, तरकारी तथा दुग्ध उत्पादन प्रतिस्पर्धात्मक मूल्यमा बिक्री गर्न निकै सजिलो भएको स्थानीय वासिन्दाले बताएका छन ।



टेलिफोन सेवाले जीवनस्तरमा ल्याएको सुधार बारे अनुभव सुनाउँदै

२०५३ सालअघि कुनै पनि टेलिफोन सेवा नभएका ती गाविसका वासिन्दालाई एक कल फोन गर्न कि त स्याङ्जा, पुतलीबजार वा कास्कीको पोखरा पुग्नुपर्ने वाध्यता रहेकोमा २०५३ सालमा नेपाल टेलिकमले ३ लाइनको मार्टस प्रविधिको र २०५५ साल देखि भिएचएफ प्रणालीको ३ लाइन टेलिफोन सेवा सञ्चालन गरेपछि स्थानीय तहमै टेलिफोन सेवा उपलब्ध भएको थियो । पिसिओका रुपमा गाविसमा टेलिफोन सेवा उपलब्ध भए पनि सेवाको माग अत्यधिक रुपमा भएकोले उपभोक्ताले माग अनुरुप सेवा प्राप्त गर्न सकेका थिएनन् ।

स्थानीय वासिन्दाको माग अनुरुप २०६४ साल असार देखि त्यस क्षेत्रमा नेपाल टेलिकमले सिडिएमए सेवा सञ्चालन गरे पछि स्थानीय उपभोक्ताहरुले ठूलो राहतको महसुस गरेका छन । त्यस क्षेत्रका स्थानीय वासिन्दाहरुले नेपाल टेलिकमको टेलिफोन सेवा उपभोग गर्न पाउनुलाई गर्वको रुपमा लिएको बताएका छन ।

त्यस क्षेत्रमा सिडिएमए तथा जिएसएम टेलिफोन सेवा सुरु भएपछि सेवाको गुणस्तर

नेपाल टेलिकमबाट दुइवटा मोवाइल र एक फिक्स्ड फोन लिएकी फेदीखोला गाविसकी ६५ वर्षीया प्रेम कुमारी गुरुङ भन्छिन् "पहिले विदेशमा एक कल फोन गर्न पनि घण्टौ लाइनमा बस्नुपर्ने, महंगो शुल्क तिनुपर्ने बाध्यता रहेकोमा अहिले घरमै वसेर हङकङ, जापान र वेलायतमा रहेका आफन्तसँग धित मर्नेगरी कुरा गर्न पाएकी छु, महसुल पनि पहिलेभन्दा निकै कम लाग्छ ।" यस्तै यातायत तथा निर्माण सामग्रीका स्थानीय व्यापारी भीम थापा भन्छन् "यहाँ सिडिएमए फोन सेवा सुरु भएपछि आफ्नो गाडी कहाँ पुग्यो माल पायो पाएन भनेर थाहा पाउन, व्यापारिक सामान मगाउन तथा पसलमा सामानको अर्डर लिन निकै किफायती तथा सजिलो भएको छ । साथै टेलिफोनमा हुने दैनिक कम्तिमा चारसय रुपियाँको बढी खर्च पनि वचत भएको छ ।" हाटखोला गाविसका स्वास्थ्यकर्मी ऋषी लामिछाने भन्छन् "मैले सिडिएमए फोन लिए पछि बिरामीलाई आउन, औषधि बारेमा सोधपुछ गर्न, प्रसुति गराउनु पर्दा वा कतै इमर्जेन्सी बिरामी पर्दा पनि फोनबाटै बोलाउन सजिलो भएको छ ।" यस्तैगरी सोही क्षेत्र खहरे प्राविका शिक्षक शिव गौतम मोवाइल फोनको विस्तारले गर्दा त्यस क्षेत्रका जनताको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा आमूल परिवर्तन गर्न सहयोग पुगेको बताउँछन ।

किसान शेर बहादुर बाँनिया भन्छन् "पहिला जरुरी फोन गर्नुपर्दा पनि पिसिओमा ह्वार ह्वार पैसा जाने भएकाले धेरै डराउनु पर्थ्यो तर सिडिएमए फोन लिए पछि अहिले खेतमा काम गर्ने हली, खेताला पनि फोनबाट बोलाउन सकिने भएको छ । साथै विवाह ब्रतबन्ध जस्ता शुभकार्यमा कार्ड वा सुपारी बाँड्न, चाडवाड तथा तीजमा दिदी बहिनी बोलाउँन पनि घण्टौं हिँडेर जानु नपर्ने भएकोले धेरै सुविधा पुगेको छ ।"

त्यस क्षेत्रका विद्यार्थी प्रतिनिधिहरुले "नेपाल टेलिकमको जिएसएम तथा सिडिएमए फोन आएपछि एसएलसीको रिजल्ट सुन्न सजिलो भएको,इन्टरनेटमा शैक्षिक अध्ययन गर्न सजिलो भएको र साथीहरुसँग इमेल गर्न र च्याट गर्न सजिलो भएको" बताए । उनीहरुले विद्यार्थी वर्गलाई सहुलियतमा सिमकार्ड उपलब्ध गराउन पनि आग्रह गरे ।

स्थानीय समाजसेवी नेत्र बहादुर कार्कीले त्यस क्षेत्रमा नेपाल टेलिकमले सेवा विस्तार गरेपछि प्रत्यक्ष अप्रत्यक्ष रुपमा सबैलाई लाभ पुगेको बताउँदै "आफूलाई घण्टौं उकालो ओरालो हिँडेर बैठक बोलाउन जानुपर्ने गरेकोमा मोवाइल फोनको विस्तारले धेरै सुविधा पुगेको बताए । उनले त्यस क्षेत्रका जनता पाए सम्म नेपाल टेलिकमकै सेवा लिने भएकाले यथाशीघ्र ५ सय लाइन PSTN टेलिफोन वितरण गर्नुपर्ने, गुणस्तर अझै सुधार गर्नुपर्ने, रिचार्ज कार्ड पर्याप्त मात्रामा वितरणगर्नुपर्ने र मर्मत सम्भार अझ प्रभावकारी बनाउँदै लानुपर्ने" बताए ।

दूरसञ्चार कार्यालय स्याङ्जाका कार्यालय प्रमुख टीकाराम तिवारीका अनुसार त्यस क्षेत्रमा आगामी आर्थिक वर्ष ३ सय लाइन PSTN टेलिफोन वितरण प्रक्रिया शुरु गर्न लागिएको छ । काप्र तिवारीका अनुसार स्याङ्जा जिल्लाका दुई नपा र ६० गाविस सबैमा टेलिफोन सेवा पुगेको छ ।

दूरसञ्चार सेवाले जीवनका हरेक क्षेत्रमा उन्नती गर्न सहयोग गरेको महसुस भएकाले त्यस क्षेत्रका वासिन्दाले टेलिफोन सेवा छिटो वितरण गर्न लगाउनका लागि समुदायको पहलमा विटिएस साइट भवन बनाएर विटिएस राख्न सहयोग पु¥याएका छन । दूरसञ्चार कार्यालय पोखराका ई. तीलक शर्माका अनुसार समुदायले बनाइदिएका यस्ता विटिएस साइटहरु सो कार्यालय अन्तर्गत १६ वटा छन् र यसरी समुदायले विटिएस साइट बनाउँदा छिटो हुने, कम खर्चमा बन्ने, स्थानीय जनताबाट संरक्षण पनि हुने भएकाले अन्य क्षेत्रमा पनि समुदायबाट यस किसिमको सहयोग लिनु उपयुक्त हुन्छ ।



समुदायको पहलमा निर्मित विटिएस साइट भवन

दूरसञ्चार कार्यालय पोखराका कार्यालय प्रमुख सूर्यनारायण मालाकारका अनुसार अहिले शहरी तथा ग्रमीण क्षेत्रलगायत त्यस क्षेत्रका महत्वपूर्ण पर्यटकीय क्षेत्रमा प्राथमिकताका साथ टेलिफोन सेवा विस्तार तथा वितरण गरिँदै आएको छ । उहाँका अनुसार अन्नपूर्ण संरक्षण क्षेत्रका महत्वपूर्ण पदयात्रा मार्गहरु घोडेपानी, दाना, घासा, लेते, कोवाङ, टुकुचे, मार्फा, जोमसोम, कागवेनी, मुक्तिनाथ, ताल, ताचे, चामे, खुदीर बाहुन डाँडामा टेलिफोन सेवा सञ्चालन भइसकेको छ र अन्य महत्वपूर्ण पर्यटकीय क्षेत्रमा पनि प्राथमिकताका साथ टेलिफोन सेवा विस्तार गर्ने कार्यक्रम रहेको छ ।

# कर्मचारी युनियनको दोश्रो वार्षिकोत्सव सम्पन्न

नेपाल टेलिकमका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव सुशील घिमिरले नेपाल टेलिकममा स्तरीय प्रविधि, दक्ष जनशक्ति र राम्रो पूर्वाधार भएकोले यसको सदुपयोग गर्दै कम्पनीका कर्मचारीहरुले इमान्दारिता र प्रतिबद्धतासाथ काम गरेमा नेपाल टेलिकमलाई एक नम्बर संस्थाका रुपमा रहिरहन कठिन नपर्ने बताउनु भएको छ । नेपाल टेलिकम कर्मचारी युनियनको दोश्रो वार्षिकोत्सवको अवसरमा केन्द्रीय कार्यालयमा गत जेठ १ गते आयोजित कार्यक्रममा बोल्दै वहाँले कर्मचारीहरुले ग्राहकहरुसँग गर्ने व्यवहार प्रभावकारी र ग्राहकमुखी हुनुपर्ने बताउनु भयो ।

उक्त कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक विश्वनाथ गोयलले प्रतिस्पर्धात्मक वातावरणप्रति आफ्नो धारणा राख्दै चुनौती नै जीवन हो र यसलाई शालीन रुपमा ग्रहण गर्दै अघि बढ्नुपर्छ भन्नुभयो । सो अवसरमा वहाँले हाल उपलब्ध गराइएका सेवाहरुलाई अझ चुस्त र दुरुस्त बनाउँदै थप नयाँ सेवाहरु ग्राहकसमक्ष प्रस्तुत गर्दै जाने कम्पनीको नीति रहेको बताउनुभयो ।

कार्यक्रममा बोल्दै नेपाल टेलिकम कर्मचारी युनियनका अध्यक्ष तथा उक्त कार्यक्रमका सभापती सरोज ढुंगानाले टेलिकमले व्यापारिक दृष्टिले मात्र नभएर सेवाको भावना राखी देशभर दूरसञ्चार सेवा पुऱ्याइरहेको उल्लेख गर्दै भरपर्दो र दिगो सेवा स्थिर रुपले ग्राहकहरुसमक्ष पुऱ्याइरहन सञ्चालक समिति, व्यवस्थापन र सम्पूर्ण कर्मचारी जिम्मेवारी बोधका साथ एक भएर लाग्नुपर्ने बताउनुभयो ।

सो अवसरमा स्वतन्त्र प्रजातान्त्रिक ट्रेड युनियन महासंघका वरिष्ठ उपाध्यक्ष राजकुमार सिंह, नेपाल टेलिकम कर्मचारी यूनियनका वरिष्ठ उपाध्यक्ष अशोक कृष्ण श्रेष्ठ, नेपाल टेलिकम वर्कर्स युनियनका उपाध्यक्ष सञ्जय दाहाल, नेपाल दूरसञ्चार कर्मचारी संघका उपाध्यक्ष केशव देवकोटा, नेपाल राष्ट्रिय कर्मचारी संगठन नेपाल टेलिकमका अध्यक्ष कृष्णहरी खतिवडा र नेपाल दूरसञ्चार कम्पनी कर्मचारी परिषदका अध्यक्ष राजाराम शर्माले कर्मचारी यूनियनको भूमिका सम्बन्धमा आ आफ्ना बिचार व्यक्त गर्नुभएको थियो ।

# मोवाइल एक्सपोमा नेपाल टेलिकमको सहभागिता

गत बैशाख १७ देखि २२ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजित मोवाइल एक्स्पो २००९ मा नेपाल टेलिकमले आफ्नो विशेष स्टल मार्फत उपभोक्ताहरुलाई कम्पनीका अत्याधुनिक प्रविधिका सेवा सम्बन्धमा जानकारी गराएको छ ।




कम्पनीले आफ्ना ग्राहकहरुलाई थप सुविधा प्रदान गर्ने उद्देश्यले सो प्रदर्शनी अवधिभर स्टलमा आएका आगन्तुकहरुलाई GPRS Activation सेवा निशुल्क उपलब्ध गराएको थियो । प्रदर्शनी अवधिमा टेलिकमको स्टलबाटै Post Paid र Pre Paid मोवाइल सेवाका करिव १८ हजार जनाले निशुल्क रुपमा GPRS Activation गराएका थिए । यो सेवा बाहेक सो अवसरमा विभिन्न कम्पनीका मोवाइल सेटहरुमा भाइरस लागे नलागेको पत्ता लगाउने र लागेको भए हटाउने तरिकाको जानकारी सहितको पर्चा समेत आगन्तुकहरुलाई उपलब्ध गराइएको थियो ।

यसका साथै उक्त मोवाइल एक्सपोमा CDMA प्रविधिमा आधारित Wireless Broadband Internet को पनि प्रयोगात्मक प्रदर्शनी गरिएको थियो । केही महिना पछि नै प्रथम चरणमा काठमाडौ, पोखरा र बनेपामा वितरण गर्न लागिएको यस सेवाको क्षमता Download २.४ Mbps र Upload १५३.६ Kbps रहेको छ ।


हाम्रा सेवाहरु



SKY DATA



E-mail / Internet



V-SAT



ADSL

# विश्व दूरसञ्चार दिवसको अवसरमा विशेष छुट

नेपाल टेलिकमले विश्व दूरसञ्चार तथा सूचना समाज दिवसको अवसरमा हरेक वर्ष आफ्ना सेवाहरुको महसुलमा विशेष छुट प्रदान गरी आएकोमा यस वर्ष पनि विश्व दूरसञ्चार दिवस तथा सूचना समाज दिवस १७ मे २००९ का अवसरमा आफ्ना केही सेवाहरुमा विशेष छुट प्रदान गरेको छ ।

• GSM Postpaid सेवाको प्रारम्भिक जडान शुल्क रु.४,७४५/- रहेकोमा २०६६ बैशाख १७ देखि संचालन भएको Mobile Expo को सन्दर्भमा सो Mobile Expo अवधिभर GSM Postpaid सेवाको प्रारम्भिक जडान शुल्क रु २,१३०/- कायम गरिएकोमा विश्व दूरसञ्चार तथा सूचना समाज दिवसको अवसरमा त्यसलाई निरन्तरता दिइएको छ ।

• त्यस्तै गरी CDMA Postpaid सेवाको प्रारम्भिक जडान शुल्क रु.४,७४५/- रहेकोमा विश्व दूरसञ्चार तथा सूचना समाज दिवसको अवसरमा २०६६ जेठ ३ गते देखि लागू हुनेगरी CDMA Postpaid सेवाको प्रारम्भिक जडान शुल्क रु. २,१३०/- कायम गरिएको छ ।

अन्तर्राष्ट्रिय ट्रंक कल सेवाको लागि माथि उल्लेखित जडान शुल्कमा रु. २०००/- अतिरिक्त लाग्ने व्यवस्था भने कायमै राखिएको छ ।

सोही अवसरमा यस कम्पनीको GSM मोबाईल (Postpaid तथा Prepaid) सेवामा उपलब्ध भएको GPRS सेवाको Activation Charge र Usage Charge मा पनि छुट प्रदान गरिएको छ ।

• मिति २०६६ जेठ ३ देखि ५ गते सम्म GPRS सेवा GSM (Postpaid तथा Prepaid सेवामा) सञ्चालन भई रहेका सबै क्षेत्रहरुमा Activation बापत लाग्ने विद्यमान महसुल रु.१००।- (मा ७५ प्रतिशत छुट दिई रु.२५।- (पच्चिस रुपैया) कायम गरिएको छ ।

• GSM Postpaid तथा Prepaid सेवामा उपलब्ध भएको GPRS सेवाको विद्यमान Usage Charge रु.0.02 / KByte लाई घटाएर रु.0.01/KByte कायम गरिएको छ र Usage Volume 60MB पश्चात Usage Charge रु. 0.01 per 2 KByte कायम गरिएको छ । यो दर २०६६ जेठ ३ गते देखि प्रबर्द्धनात्मक छुटको रुपमा २०६६ श्रावण मसान्त सम्म कायम हुने छ ।

यस किसिमको छुट सुविधाले कम्पनीका ग्राहकहरुलाई केही हदसम्म सुविधा पुग्ने नेपाल टेलिकमले अपेक्षा गरेको छ ।

# बालबालिकालाई इन्टरनेटबाट हुन सक्ने विकृतिबाट बचाऊँ




बालबालिकाहरुमा इन्टरनेट प्रयोगबाट पर्नसक्ने नकारात्मक प्रभाव र विकृति नियन्त्रणका लागि वर्षभरी नै विभिन्न कार्यक्रमहरु आयोजना गरिने भएको छ । १७ औं विश्व दूरसञ्चार तथा सूचना समाज दिवस (WTISD day, May 17,2009) का अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा उक्त जानकारी गराइएको हो । सो कार्यक्रम नेपाल दूरसञ्चार प्राधिकरण,नेपाल टेलिकम र ISP एसोसिएसन अफ नेपालको सहयोग तथा इलेक्ट्रोनिक तथा सञ्चार इन्जिनियर समाज (SECEN) को व्यवस्थापनमा सूचना तथा सञ्चार मन्त्रालयले आयोजना गरेको थियो । विश्व दूरसञ्चार संघले यस वर्षको विश्व दूरसञ्चार तथा सूचना समाज दिवस (WTISD - 2009) को नारा Protecting Children in Cyberspace तय गरेको छ ।

उक्त कार्यक्रममा नेपाल दूरसञ्चार कम्पनीका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव सुशील घिमिरेले बालबालिकाहरुमा इन्टरनेटबाट पर्नसक्ने नकरात्मक प्रभाव र विकृति नियन्त्रणका लागि सूचना तथा सञ्चार मन्त्रालयले आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने बताउनु भयो । सो कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भेषराज कणेलले प्रविधिको विकाससँगै समस्याहरु पनि आउने र त्यसको नियन्त्रणका लागि तयार रहनु पर्ने बताउनु भयो ।

उक्त कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक विश्वनाथ गोयलले वर्तमान युगमा इन्टरनेटबिनाको जीवन कल्पना गर्न नसकिने र इन्टरनेट प्रयोग गर्न पाउनु बालबालिकाको अधिकार पनि भएको तर उनीहरुलाई स्वतन्त्र रुपमा इन्टरनेट प्रयोग गर्न दिंदा त्यसबाट विभिन्न विकृतिहरु उत्पन्न हुन सक्ने भएकाले सो सम्बन्धमा बाबु आमालाई सचेत गराउनु पर्ने बताउनु भयो ।

सो कार्यक्रममा नेपाल टेलिकम सूचना प्रविधि निर्देशनालयका प्रबन्धक लोचन लाल अमात्यले Protecting Children in Cyberspace विषयमा Theme paper प्रस्तुत गर्दै बालबालिकाहरुलाई अनियन्त्रित रुपमा इन्टरनेट प्रयोग गर्न दिंदा अश्लिलता, हिंसा, अनलाइन गेमको लत लाग्ने, अनलाइन ठगी, अनलाइन हेपाई तथा भेदभाव जस्ता समस्याहरु भोग्नु पर्ने खतरा रहेकाले उनीहरुलाई इन्टरनेटको स्वच्छन्द प्रयोग गर्न दिने बारेमा पुनर्विचार गर्नुपर्ने बताउनु भयो। उहाँले इन्टरनेट हेर्ने मध्ये ६० प्रतिशत बालबालिकाले Chat Room मा कुरा गर्ने गरेको र त्यसमध्ये ३० प्रतिशत किशोरीहरुले यस्तो Chat Room मा यौन दुर्व्यवहारको सामना गर्नु परेको जानकारी गराउनु भयो ।

सो कार्यक्रममा नेपाल टेलिकमका वरिष्ठ इन्जिनियर राजेश जोशी, ISPAN का अध्यक्ष पवन शाक्य सिविनका कार्यकारी संयोजक सुम्निमा तुलाधरले पनि बालबालिकाहरुमा इन्टरनेटबाट पर्नसक्ने नकारात्मक प्रभाव र विकृतिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै यसको नियन्त्रणका लागि बालबालिका तथा अभिभावकहरुलाई सचेत गर्नुपर्ने विषयमा सुझावहरु प्रस्तुत गर्नुभएको थियो ।

जेठ ३ गते आयोजना गरिएको उक्त कार्यक्रममा SECEN का अध्यक्ष भगत मान सिंह प्रधानले बालबालिकाहरुमा इन्टरनेटबाट पर्नसक्ने नकारात्मक प्रभाव र विकृति नियन्त्रणका लागि आवश्यक कदम चाल्न SECEN ले पहल गर्ने जानकारी दिनु भयो । साथै उहाँले SECEN ले स्कुल तथा कलेजका छात्र छात्राहरु बीच निबन्ध प्रतियोगिता संचालन गर्ने जानकारी दिनु भयो ।

# सिडिएमए फोन सम्बन्धी चौथो विश्व फोरम सम्पन्न

सिडिएमए फोनको मर्मत सम्भार तथा विकास सम्बन्धी चौथो विश्व फोरम गत मे ३१ देखि जुन २ सम्म चीनको राजधानी बेजिङमा सम्पन्न भयो । सो फोरममा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक विश्वनाथ गोयल, वायरलेस टेलिफोन निर्देशनालयका प्रमुख भगतमान सिंह प्रधान र एक्सेस नेटवर्कका प्रबन्धक शिवभूषण लालले भाग लिनु भएको थियो ।




बायाँ दोस्रोबाट क्रमसः प्रनि विश्वनाथ गोयल, प्रबन्धकहरु शिवभूषण लाल र भगतमान सिंह प्रधान

उक्त कार्यक्रममा विश्वका सबै महादेशको प्रतिनिधित्व हुने गरी ४५ देशका खासगरी सिडिएमए प्रविधिका दूरसञ्चार सेवा सञ्चालन गर्ने सेवा प्रदायकका करिब २ सय प्रतिनिधिहरुले भाग लिएका थिए ।

सम्मेलनमा हाल भइरहेको सिडिएमए प्रविधिको दूरसञ्चार सेवाको विकास, उपभोक्तालाई कम मूल्यमा सेवा उपलब्ध गराउने र प्रविधिको विकाससँगै आएका विभिन्न भ्यालुएडेड सेवाहरु उपलब्ध गराउने विषयमा छलफल भएको थियो। विशेष गरी तारहित टेलिफोनको सेवा नपुगेका स्थानहरुमा सेवा पुऱ्याउने र सेवा पुगेर पनि सेवा उपभोग गर्न नसकेका उपभोक्ताहरुलाई कम मूल्यमा सेवा उपलब्ध गराई लाभान्वित गराउने विषयमा पनि विस्तृत छलफल भएको थियो । सिडिएमए प्रविधिमा आधारित उपकरण उत्पादन गर्ने कम्पनीलाईसमेत सो सम्बन्धमा जानकारी गराइसकिएको बताइएको छ ।

# नेपाल टेलिकमले ERP सिस्टम ल्याउँने

नेपाल टेलिकमले आईटी सेवा प्रदायक कम्पनी LG CNS सँग ERP (Enterprise Resource Planning ) सम्बन्धी सफ्टवेर खरिद गर्ने भएको छ । सो सम्बन्धी सम्झौता पत्रमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक विश्वनाथ गोयल र LG CNS कम्पनीका प्रमुख लेखा अधिकृत ब्रान्डोन को (Mr Brandon Ko, CFO) ले गत जेठ २७ गते हस्ताक्षर गर्नुभयो ।

उक्त सेवा उपलब्ध गराउनका लागि ग्लोवल टेन्डर मार्फत प्रतिस्पर्धा गराइएकोमा सो प्रतिस्पर्धामा LG CNS कम्पनी छनौट भएको हो ।

सो सेवा उपलब्ध गराउनका लागि LG CNS कम्पनी छनौट भएपछि उक्त कम्पनीले पत्रकार सम्मेलन गरी सो सम्बन्धमा जानकारी गरायो । सो कार्यक्रममा नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष तथा सूचना तथा सञ्चार मन्त्रालयका सचिव सुशील घिमिरेले ERP सिस्टम सम्बन्धी प्रोजेक्ट ठिक समयमा सम्पन्न हुने र गुणस्तरीय हुने आशा व्यक्त गर्दै यस किसिमको कार्यले दुई देशको सम्बन्ध पनि सुदृढ हुँदै जाने विचार व्यक्त गर्नुभयो । सो कार्यक्रममा नेपालका लागि दक्षिण कोरियाका राजदुत होङ सुङ मोडले नेपाल टेलिकमको सेवा विस्तार र गुणस्तर सुधारमा यस किसिमको सम्झौताले सहयोग पुऱ्याउने बताउनु भयो ।

सो कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक विश्वनाथ गोयलले ERP को कार्यान्वयनले नेपाल टेलिकमको लक्ष्य प्राप्त गर्न तथा सेवाको गुणस्तर वृद्धि गर्न सहयोग पुग्ने बताउनु भयो ।

यो सम्झौता अनुसार LG CNS ले नेपाल टेलिकमलाई एकीकृत रुपमा स्तरीय तथा प्रभावकारी ढंगले वित्तीय लेखा व्यवस्थापन, लेखा, राजश्व, स्थिर सम्पत्ति, खरिद व्यवस्थापन, भण्डार व्यवस्थापन, कर्मचारी तलब तथा कल्याण कोष व्यवस्थापन र जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यका लागि आवश्यक पर्ने ERP (Enterprise Resource Planning) सफ्टवेर उपलब्ध गराई कार्यान्वयनमा सहयोग पुऱ्याउने छ । यसबाट उपभोक्ताहरुलाई समेत छिटो छरितो रुपमा रगुणस्तरीय सेवा उपलब्ध गराउन सहयोग पुग्ने आशा गरिएको छ ।

नेपाल टेलिकमले यो सिस्टम आगामी दुई वर्ष भित्रमा सम्पूर्ण कार्यालयहरुमा लागू गरिसक्ने लक्ष्य राखेको छ । साथै LG CNS कम्पनीले यस सम्झौता अनुसार पाँच वर्षसम्म सिस्टम जडान,तालिम तथा मर्मत सम्भार सम्बन्धी सेवा उपलब्ध गराउने छ ।

यस न्यूज लेटरलाई थप प्रभावकारी बनाउन यहाँको सुझाव तथा प्रतिक्रियाको अपेक्षा गरिएको छ ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगाना: नेपाल टेलिकम, व्या.व्य.वि., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
E-mail: ntc.news@ntc.net.np, फोन: ४२१००२४/०४२, फ्याक्स: ४२१०००४, यो News Letter www.ntc.net.np मा पनि हेर्न सकिन्छ ।

Published by: BMD, Information & Publication Section, Co-ordinator S.P. Thike, Editor: Laxman Adhikari, Editorial Team: Nilakantha Tiwari, Bholanath Dahal, Umesh Dahal